नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१९३ दायर मितिः-२०८१/०८/१६**

**फैसला मितिः-२०८१/१२/०५**

| **वादी** | **प्रतिवादीहरु** |
|---|---|
| **भुलन साह कानुको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा धोवनी गाउँपालिका वडा नं.०२ भिखमपुर बस्ने रामबालक यादवको छोरा वर्ष ३१ को दिनेश प्रसाद यादवसमेत ४ .......१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालीको आमा बाबुलाई धकेली कुटपिट गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीहरुले जाहेरवालीको आमा बाबुलाई धकेली कुटपिट गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का
३. हामीलाई जाहेरवालापक्षले कुटपिट गर्न थालेपछी प्रतिकारमा मैले हातपात गरेको हुँदा मलाई प्रहरीले पक्राउ गरेको हो भन्ने प्रतिवादी दिनेश प्रसाद यादवको बयानको बयान कागज।
४. जाहेरवालीको आमा बाबुलाई धकेली कुटपिट गरी अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका धर्मराज साह तेली समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादी दिनेश प्रसाद यादवले साविती बयान गरेको र प्रतिवादीहरु रामबालक यादव, गणेश प्रसाद यादव र भिखारी राउत कुर्मीसमेतले ईन्कारी बयान गरेता पनि मिति २०८१।०५।१७ गते अं.१५:०० बजेको समयमा जिल्ला पर्सा धोविनी गाउँपालिका वडा नं.२ को वडा कार्यालयमा मेरो आमा मिना देवी उपर प्रतिवादीहरु दिनेश प्रसाद यादव, रामबालक यादव, गणेश प्रसाद यादव र भिखारी राउत कुर्मी समेतले अश्लिल गाली गलौज गर्दै सडकमा लडाई घाईते बनाएकोमा पछि छलफलका लागि मिति २०८१।०७।०१ गते सोही वडा कार्यालयमा उपस्थित भई अं.१४:०० बजेको समयमा छलफल गर्ने क्रममा निज प्रतिवादीहरु एक्कासी रिस आवेशमा आई मेरो बुबा समेतलाई धकेली कुटपिट गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीहरु उपर कानून बमोजिम कारबाही गरी क्षतिपूर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको भुलन साह कानुको किटानी जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी दिनेश प्रसाद यादवले गरेको बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी पुरानो झगडाको विषयलाई लिई छलफलका लागि जाहेरवालाको पक्ष र प्रतिवादीहरु उपस्थित भएकोमा प्रतिवादीहरु दिनेश प्रसाद यादव, रामबालक यादव, गणेश प्रसाद यादव र भिखारी राउत कुर्मी समेतले जाहेरवाला पक्षलाई अश्लिल गाली गलौज गर्दै कुटपिट समेत गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी दिनेश प्रसाद यादवलाई कैद दिन ११, जरिवाना रु.२५००/- दुई हजार पाँच सय मात्र र क्षतिपूर्ती शुल्क रु.२००/- दुई सय मात्र र प्रतिवदीहरु रामबालक यादव, गणेश प्रसाद यादव र भिखारी राउत कुर्मी समेतलाई जनही जरिवाना रु.९६००/- नौ हजार छ सय र जनही क्षतिपूर्ती शुल्क रु.४००/- चार सय मात्र मात्र ठहर्छ । साथै ऐ.ऐ.सहिताको दफा १२७ को हकमा घाईते भएका जाहेरवालाको बाबु र दाईको उपचारमा लागेको खर्च रु.४९७३५/- उन्नचास हजार सात सय पैतिस मात्र भरी भराई दिन समेत ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी दिनेश प्रसाद यादवलाई ठहरेको कैद दिन ११ को हकमा निज मिति २०८१/०८/०५ देखि २०८१/०८/१५ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको, जरिवाना, क्षतिपूर्ती शुल्क र ऐ.ऐ.संहिताको दफा १२७ को हकमा र.नं.१३९/२०८१/०८/१७ बाट दाखिला गरेको धरौटी रकम रु.५२४३५/- बाट जरिवाना रकम रु.२५००/- र क्षतिपुर्ती शुल्क रु.२००/- कट्टी गर्नु र बाँकी रकम रु. ४९७३५/- ऐ.ऐ.सहिताको दफा १२७ बमोजिम जाहेरवालाको बाबु र दाईलाई उन्नचास हजार सात सय पैतिस मात्र दिन लेखा शाखा, जिल्ला प्रशासन कार्यालय पर्सालाई पत्र लेख्नु । साथै प्रतिवदीहरु रामबालक यादव, गणेश प्रसाद यादव र भिखारी राउत कुर्मीलाई ठहरेको जनही तथा क्षतिपूर्ती शुल्कको हकमा निजहरुले क्रमशः र.नं.१४१, १४२ र १४३/२०८१/०८/१८ बाट दाखिला गरेको जनही धरौटी रु.१००००/- बाट जनही जरिवाना रु.९६००/- नौ हजार छ सय र जनही क्षतिपूर्ती शुल्क रु.४००/- कट्टी गर्नु ।

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्यादिनु-------------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------------------१

**गणेश अर्याल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ चैत्र महिना ५ गते मंगलवार रोज ३/ ने.सं. ११४५ चिल्लागा चतुर्थी, शुभम् ........